# वातावरणीय तथा सामाजिक कार्यसम्पादन
# एमसीसी नेपाल कम्प्याक्ट

आयोजना तर्जुमा तथा कार्यान्वयनका क्रममा वातावरणीय तथा सामाजिक सुरक्षालाई एकीकृत गर्न **एमसीसी नेपाल कम्प्याक्ट** प्रतिबद्ध छ।

**लक्ष्यहरू तथा निर्देशक आयोजना मूल्यहरू :**

दिगो तथा समावेशी आर्थिक विकासका माध्यमबाट गरिबी न्यूनीकरण। एमसीसीको प्रतिबद्धता दिगो विकासका लागि अग्रपङ्क्तिको विश्वव्यापी मापदण्डका रूपमा मानिएको अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी) को ***वातावरणीय तथा सामाजिक दिगोपनासम्बन्धी कार्यसम्पादन मापदण्ड*** अनुरूप रहेको छ।

- कम्प्याक्टका आयोजनाहरूले विद्युत् आपूर्तिको **भरपर्दोपना**मा सुधार गर्नेछ र सुरक्षित र दिगो सडक मर्मत प्रविधिहरूको प्रयोग गर्नेछ।
- **वातावरणमैत्री** ऊर्जा स्रोतहरू तथा **दिगो** सडक मर्मत कार्यले नेपालको प्राकृतिक स्रोतहरूको संरक्षणमा सहयोग गर्नेछ।
- **नेपाली कानुन र नियमावलीहरू तथा अन्तरराष्ट्रिय मापदण्डहरू** अनुरूप काम गरेर वातावरणीय तथा सामाजिक चुनौतीहरू तथा जोखिमहरू पहिचान गर्नुका साथै तिनीहरूको विश्लेषण गरिएको छ।
- सम्भव भएसम्म वातावरणीय, सामाजिक तथा सांस्कृतिक रूपमा महत्वपूर्ण क्षेत्रहरूलाई प्रभावित पारिने छैन।
- वातावरणीय तथा सामाजिक प्रभावहरूलाई न्यूनीकरण गर्न हामी नेपाली नियामकहरू तथा स्थानीय समुदायहरूसँग निकटतापूर्वक काम गर्नेछौं।
- **खुला संवाद तथा सामाजिक एवं सांस्कृतिक संलग्नता** प्रवर्द्धन गर्न हामी स्थानीय सरोकारवालाहरूसँग प्रत्यक्ष रूपमा काम गर्दछौं।
- आयोजनाले वन क्षेत्रमा प्रभाव पारेको अवस्थामा प्रभावित जमिन बराबरकै जमिनमा हामी पुन:वृक्षरोपण गर्नेछौं।
- आयोजना प्रभावित समुदायहरूलाई क्षतिपूर्ति उपलब्ध गराउनुका साथै उनीहरूको **जीविकोपार्जन पुन:स्थापना वा सुधार गर्नका लागि नयाँ अवसरहरू उपलब्ध** गराइनेछ।

**अन्ततोगत्वा, वातावरणीय तथा सामाजिक रूपमा दिगो आर्थिक विकासले थप स्वस्थ समुदाय तथा सम्पूर्ण नेपाली जनताका लागि चलायमान भविष्य सुनिश्चित गर्नेछ।**

**समृद्धिको पाटो, बिजुली र बाटो**

www.mcanp.org

MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA